त्रिभुवन विश्वविद्यालय

# कृषि र पशु विज्ञान अध्ययन संस्थान

## डीनको कार्यालय

कीर्तिपुर, काठमाण्डौं ।

प.सं./च.नं.

मितिः २०७९/०६/१२

## सूचना

यस अध्ययन संस्थान र मनारम फाउण्डेशन बीच भएको सम्झौता बमोजिम छात्रवृतिको लागि प्रकाशित सुचना यसै साथ संलग्न छ । कृषि स्नातक वा पशु चिकित्सा विषयमा प्रथमसत्रमा भर्ना भएका शै.व. २०७८/२०७९ का विद्यार्थीहरुबाट प्रवेश परीक्षा र अन्तरबार्ता को मुल्यांकन गरि उत्कृष्ट छात्रालाई प्रदान गरिने छात्रवृति को लागि फारम भर्ना को लागि आव्हन गरिन्छ ।

डा.किशोर चन्द्र दाहाल
सहायक डीन (शिक्षण)

काठमाण्डौ : फोनः०९७७-०१-४३३०६०० ई-मेलःinfo@iaas.edu.np **Website:** www.iaas.edu.np

## लायन्स मनराम प्रतिष्ठान २००५ नेपालको

# मनराम छात्रवृत्ति सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालय (त्रि.वि.) कृषि र पशुविज्ञान अध्ययन संस्थान (कृ.प.वि.अ.सं.), लायन्स मनराम प्रतिष्ठान २००५ नेपाल तथा मनराम हिमालयन ह्याण्डिक्राफ्टका बीच सम्झौता भए अनुसार यस प्रतिष्ठानबाट शैक्षिक वर्ष २०७८/२०७९ देखि लागू हुनेगरी **B.Sc.Ag** तर्फ २ र **B.VSc. and A.H.** तर्फ १ गरी तीन जना छात्रा विद्यार्थीहरूलाई मनराम छात्रवृत्ति प्रदान गरिने भएकाले त्रिभुवन विश्वविद्यालय, कृ.प.वि.अ.सं. अन्तर्गतका आङ्गिक क्याम्पसहरूमा तोकिएको कार्यक्रममा भर्ना भई अध्ययनरत इच्छुक छात्रा विद्यार्थीबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३०(तीस) दिनभित्र प्रतिष्ठानको इमेल **info@manaram.org** मा आइपुग्ने गरी आवेदन दिन यो सूचना प्रकाशित गरिएको छ । आवेदन फाराम प्रतिष्ठानको वेबसाइट **www.manaram.org** बाट डाउनलोड गरी प्राप्त गर्न र थप विवरणका लागि प्रतिष्ठानको वेबसाइट हेर्न वा प्रतिष्ठान, त्रि.वि. कृ.प.वि.अ.सं. वा मनराम हिमालयन ह्याण्डिक्राफ्टमा सम्पर्क गर्न सकिनेछ ।